# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

## सिरानचोक गाउँपालिका
## गोरखा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal


प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश )

पत्र संख्याः २०७८।७९
च.नं. ३६ मितिः २०७९।३।२५

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
सिरानचोक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गोरखा ।

**कैफियत सहितको राय**

हामीले सिरानचोक गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२ करोड ३७ लाख ९७ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू.९ लाख २ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.२७ लाख ५० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ६४ लाख ६० हजार, नियमित गर्नुपर्ने रू.३६ लाख ८५ हजार रहेको छ । गतवर्ष रु.३ करोड ७१ लाख ९७ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.६ करोड ९२ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। गाउँपालिकाबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

सिरानचोक गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४२ | ७४ | २३७९७ | १ | २ | ९०२ | ४१ | ७२ | २२८९५ | २७५० | ३६८५ | १६४६० | - | - | २०१४५ | - |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोरखा | ३७१९७ | - | - | ३७१९७ | - | २२८९५ | ६००९२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : सिरानचोक गाउँपालिका, गोरखा , सिरानचोक गाउँपालिका , गोरखा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | उमेश कुमार यादव | २०७८-८-१९ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | राजन भट्टराई | २०७७-५-८ | |
| कार्यालय प्रमुख | नेत्र मणि न्यौपाने | २०७७-९-२१ | |
| कार्यालय प्रमुख | भेष बहादुर कुवँर | २०७७-४-१ | |
| लेखा प्रमुख | निर माया पुरी गिरी | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | २३,७९६,७४८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २२,९४,९४,४२३.४५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २९,९४,९९,९०५ | चालु खर्च | ३२,९८,१३,१०४.२ |
| प्रदेश सरकारबाट अनुदान | ९१,२९,७५० | पूँजीगत खर्च | १२,४१,०२,८४३ |
| राजश्व बाँडफाँट | ६,८३,५८,३८६.९७ | वित्तीय/अन्य व्यवस्था | ५७,८५,५३५.२ |
| आन्तरिक आय | ५०,५१,९०७.६३ | | |
| अन्य आय | १,५५,०९,२८५.५ | | |
| कुल आय | ३९,७५,४९,२३५.१ | कुल खर्च | ४५,९७,०१,४८२.४ |
| बाँकी मौज्दात | | १६,७३,४२,१७६.१५ | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७८।१०।२७ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्: | |
| २ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ८ वडा, ४३ सभा सदस्य, १२१.५९ वर्ग किलोमिटर क्षेत्रफल तथा ३१४०८ जनसंख्या रहेको छ । | |
| ३ | | | **सञ्चितकोषको हिसाबः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः | |

| आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१ - २०७८/०३/३१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५६,०७,०८,३५५.५० | ३९,७५,४९,२३५.१० | | ३९,७५,४९,२३५.१० | ४६,६०,३७,२४९.०१ | | ४६,६०,३७,२४९.०१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५५,१४,६३,३८८ | ३८,२०,३९,९४९.६० | ० | ३८,२०,३९,९४९.६० | ४६,०३,१६,४९३.३० | ० | ४६,०३,१६,४९३.३० | | |
| | | | | ११००० कर | ११ | ८,००,७०,४४० | ७,०३,४२,२१९.१० | ० | ७,०३,४२,२१९.१० | ५,५४,२०,८६४.६७ | ० | ५,५४,२०,८६४.६७ | | |
| | | | | १३००० अनुदान | | ४५,११,९६,१२० | ३०,८६,२९,६५५ | ० | ३०,८६,२९,६५५ | ४०,२८,३६,९७७.५० | ० | ४०,२८,३६,९७७.५० | | |
| | | | | संघीय सरकार | १२ | ४२,९०,२३,१२० | २९,९४,९९,९०५ | ० | २९,९४,९९,९०५ | ३८,८१,४७,९७७.५० | ० | ३८,८१,४७,९७७.५० | | |
| | | | | प्रदेश सरकार | १२ | २,२१,७३,००० | ९१,२९,७५० | ० | ९१,२९,७५० | १,४६,८९,००० | ० | १,४६,८९,००० | | |
| | | | | १४००० अन्य राजस्व | | २,०१,९६,८२८ | ३०,६८,०७५.५० | ० | ३०,६८,०७५.५० | २०,५८,६५१.१३ | ० | २०,५८,६५१.१३ | | |
| | | | | ख. अन्य प्राप्ति | | ९२,४४,९६७.५० | १,५५,०९,२८५.५० | | १,५५,०९,२८५.५० | ५७,२०,७५५.७१ | | ५७,२०,७५५.७१ | | |
| | | | | वितरण गर्न बाकी राजस्व | | ० | २५,६४,८३० | ० | २५,६४,८३० | ० | ० | ० | | |
| | | | | कोषहरु | | ९२,४४,९६७.५० | १,०७,५९,३८७.५० | ० | १,०७,५९,३८७.५० | ३४,७७,७६७ | ० | ३४,७७,७६७ | | |
| | | | | धरौटी | | ० | २१,८५,०६८ | ० | २१,८५,०६८ | ४,१२,२१० | ० | ४,१२,२१० | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | १८,३०,७७८.७१ | ० | १८,३०,७७८.७१ | | |
| | | | | भुक्तानी (ग+घ) | | ७८,९२,६६,४४३.९५ | ४५,९७,०१,४८२.४० | | ४५,९७,०१,४८२.४० | ३२,८३,३३,७८९.८९ | | ३२,८३,३३,७८९.८९ | | |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७८,००,२१,४७६.४५ | ४५,३९,१५,९४७.२० | | ४५,३९,१५,९४७.२० | ३२,३२,०४,१११.१८ | | ३२,३२,०४,१११.१८ | | |
| | | | | २१००० पारिश्रमिक / | १८ | २५,३१,४३,५६० | २२,३१,६३,६६४.२० | ० | २२,३१,६३,६६४.२० | १८,६९,३८,७१२.५२ | ० | १८,६९,३८,७१२.५२ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सुविधा | | | | | | | | | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १४,४७,८२,३६१.४५ | ७,८१,०६,६१४ | ० | ७,८१,०६,६१४ | ६,८४,५७,६४१.७० | ० | ६,८४,५७,६४१.७० | | |
| | | | | २५००० सहायता (Subsidy) | १८ | २,२५,८७,५५५ | १,९०,८५,५७६ | ० | १,९०,८५,५७६ | ० | ० | ० | | |
| | | | | २६००० अनुदान | १८ | ३२,९२,००० | २८,४२,३२६ | ० | २८,४२,३२६ | ० | ० | ० | | |
| | | | | २७००० सामाजिक सुरक्षा | १८ | ७२,४०,००० | २२,४०,८६० | ० | २२,४०,८६० | ११,४२,५८७ | ० | ११,४२,५८७ | | |
| | | | | २८००० अन्य खर्च | १८ | ७८,८५,००० | ४३,७४,०६४ | ० | ४३,७४,०६४ | १९,७२,९३० | ० | १९,७२,९३० | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३४,१०,९१,००० | १२,४१,०२,८४३ | ० | १२,४१,०२,८४३ | ६,४६,९२,२३९.९६ | ० | ६,४६,९२,२३९.९६ | | |
| | | | | घ. अन्य भूक्तानी | | ९२,४४,९६७.५० | ५७,८५,५३५.२० | | ५७,८५,५३५.२० | ३२,८३,३३,७८९.८९ | | ३२,८३,३३,७८९.८९ | | |
| | | | | कोषहरु | | ९२,४४,९६७.५० | ५०,९६,९२२ | ० | ५०,९६,९२२ | २४,५९,४५८ | ० | २४,५९,४५८ | | |
| | | | | धरौटी | | ० | ९,१३,३१८ | ० | ९,१३,३१८ | ८,३९,४४२ | ० | ८,३९,४४२ | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | १८,३०,७७८.७१ | ० | १८,३०,७७८.७१ | | |
| | | | | कट्टी रकम भुक्तानी/दाखिला | | | (२,२४,७०४.८०) | | (२,२४,७०४.८०) | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| गर्न बाकी | | | | | | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (२२,८५,५८,०८८.४५) | (६,२१,५२,२४७.३०) | | (६,२१,५२,२४७.३०) | १३,७७,०३,४५९.१२ | | १३,७७,०३,४५९.१२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २२,९४,९४,४२३.४५ | | २२,९४,९४,४२३.४५ | ११,८१,३९,३६२.८३ | | ११,८१,३९,३६२.८३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (२२,८५,५८,०८८.४५) | १६,७३,४२,१७६.१५ | | १६,७३,४२,१७६.१५ | २५,५८,४२,८२१.९५ | | २५,५८,४२,८२१.९५ |
| बैंक तथा नगद बाकी | २४ | | १६,७३,४२,१७६.१५ | | १६,७३,४२,१७६.१५ | २३,००,८१,८८४.६६ | | २३,००,८१,८८४.६६ |

गाँउपालिकाले पेश गरेको वित्तिय विवरणमा समावेश नभएका खर्च शिर्षकहरु निम्नानुसार रहेका छन्ः

| सि.नं. | खर्च शिर्षक | बजेट | निकासा/खर्च |
|---|---|---|---|
| १ | ३७०००११६४-एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ३२३३००००. | ११८६७३७ |
| २ | ३५००१०११३-शिक्षा विकास निर्देशनालय | १५०००००. | १३४९८८२. |
| ३ | ३१४०१०१२३-सामाजिक सुरक्षा तथा संरक्षण | ११५८७२०००. | ११५८६६६४४. |
| ४ | ३६५००१०४३-स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ७५०००००. | ७१२१७७९. |
| ५ | ३०७०००११४-उध्दोग, प्रर्यटन, वन तथा वातावरण मन्त्रालय | ३००००००. | ०. |
| ६ | ३५००००११४-सामाजिक विकास मन्त्रालय | २००००००. | १२८६०००. |
| ७ | ३५००००११३-सामाजिक विकास मन्त्रालय | ६०००००. | ०. |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ८ \| ३१४०००११३-आन्तरिक मामिला तथा कानून मन्त्रालय \| ४३०००. \| ४३०००. | |
| | | | ९ \| ३३६००१०२३- गरीबसँग विशेश्वर कार्यक्रम \| ५४६०००. \| ५२००००. | |
| | | | जम्मा \| १६३३९१०००. \| १२७३७४०४२. | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** | |
| ४.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको पाइएन<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ खरिद अनुसार गुरुयोजना खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.२ | | | • सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको पाइएन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखे राखेको पाइएन । | |
| ४.३ | | | • भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको भएतापनि म. ले. प. फाराम ९०७ र ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख खाता राखेको पाइन । | |
| ४.४ | | | • म. ले. प. फाराम नं ९०६ बमोजिम सवारी साधन मर्मतको अभिलेख अद्यावधिक गरी राखेको पाइएन । | |
| ४.५ | | | म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका बेरुजुका निम्न फारामहरु अद्यावधिक गरी राखेको पाइएन ः<br>• म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन र म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख | |
| ५ | | | **कानून निर्माण एवं कार्यान्वयनः** | |
| ५.१ | | | **कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १६ ऐन, ७ नियमावली, ३० कार्यविधि ६ मापदण्ड समेत ५९ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.२ | | | **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नभएको । यो बर्ष ११ वटा दर्ता भएकोमा ११ वटा नै फछ्र्यौट भएका छन् । | |
| ६ | | | **वित्तीय विवरण परीक्षणः** | |
| ६.१ | | | **जिम्मेवारी फरक परेकोः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. २५५८७२४६६। ९५ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.२२९४९४४२३।४५ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२६३७८०४३।५० घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.२६३७८०४३।५० | |
| ६.२ | | | **वित्तीय विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br><br>• गत वर्ष सञ्चितकोषको मौज्दात रु. २५५८७२४६६।९५ देखाएकोमा यस वर्ष रु. २२९४९४४२३।४५ जिम्मेवारी देखाइ रु. २६३७८०४३।५० घटी जिम्मेवारी देखाएको छ ।<br>• अनुसूची १५ मा कोष तर्फ यो वर्ष प्राप्त रकम रु. ९७४४९६७।५० देखाएको छ भने प्राप्ति भुक्तानी हिसाब विवरणमा गत वर्षको मौज्दात रमेत जोडेर प्राप्त रकम भनि रु. १०७५९३८७।५० देखाएको छ ।<br>• धरौटी तर्फ यस वर्षको आम्दानी रु. २१८५०६८।- देखाउँदा गत वर्षको जिम्मेवारी रु. ९३६३६५।- समावेश गरेको छैन ।<br><br>तसर्थ सुत्रबाट तयार भएको वित्तिय प्रतिवेदनले आर्थिक कारोबारको यथार्थ र सहि चित्रण गरेको छैन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरुअद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.३ | | | • निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० अनुसार कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुसार कट्टा गरी जम्मा गर्नुपर्नेमा यस पालिकाले कट्टा गरेको पाइएन । | |
| ६.४ | | | • आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा गरेको पाइएन । | |
| ७ | | | **बजेट तथा कार्यक्रमः** | |
| ७.१ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री रिता देवकोटाले २०७७।३।३१ गते रु.७५ करोड ९६ लाख ९८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७.२ | | | **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. २ करोड ४२ लाख १० हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको २०७७।६।२, १४ को निर्णयबाट पुजीगततर्फ सिँचाइ, बाटो निर्माण, सिरानचोक कोट संरक्षण लगायतका शीर्षकमा रु.१६९३३०००।- बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७.३</td><td></td><td></td><td>योजना र कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु. १ लाख भन्दा कमको योजना</td><td>31</td><td>680000</td></tr>
<tr><td>२</td><td>रु. १ लाख देखि ५ लाख सम्मका योजना</td><td>165</td><td>41180433</td></tr>
<tr><td>३</td><td>रु. ५ लाख देखि १० लाख सम्मका योजना</td><td>29</td><td>13471269</td></tr>
<tr><td>४</td><td>रु. १० लाख एक देखि ५० लाख सम्मका योजना</td><td>14</td><td>18000000</td></tr>
<tr><td>५</td><td>रु. ५० लाख भन्दा माथिका योजना</td><td>0</td><td>0</td></tr>
<tr><td></td><td>जम्मा</td><td>239</td><td>73331702</td></tr>
</table></td><td></td></tr>
<tr><td>७.४</td><td></td><td></td><td>क) क्षेत्रगत बजेट र खर्चः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>76506555</td><td>17590879</td><td>3.88</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>295733055</td><td>240598196</td><td>53.01</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| पूर्वाधार विकास क्षेत्र | 199345445 | 62671983 | 13.81 |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 12750000 | 3466600 | 0.76 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 195686421 | 129588289 | 28.55 |
| जम्मा | 780021476 | 453915947 | 100 |

**ख) चौमासिक पूँजिगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेस्रो चौमासिक र आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | संघिय सरकार | 11896 | 0 | 0 | 11896 | 11896 |
| २ | प्रदेश सरकार | 5365 | 0 | 500 | 4866 | 3299 |
| ३ | गाउँपालिका | 112206 | 7866 | 4736 | 99605 | 68866 |
| ४ | कूल खर्च: | 129467 | 7866 | 5236 | 116367 | 84061 |
| | खर्च प्रतिशत | | 6.08 | 4.04 | 89.88 | 64.93 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.५ | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम प्रोफाइल तयार गरेको पाइएन । | |
| ७.६ | | | **कार्यक्रम तथा प्रगतिः** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्: | |

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन (हजारमा) | खर्च | खर्च (%) |
|---|---|---|---|
| सिरानचोक चक्रपथ छेउछाउमा घाँस विकास कार्यक्रम | १,५० | ० | ० |
| कृषि बिमा कार्यक्रम | २,०० | ० | ० |
| कृषि पकेट क्षेत्र प्रबर्धन कार्यक्रम | ९,०० | ० | ० |
| अपाङ्गता परिचयपत्र नविकरण/ वितरणका लागी घुम्ती शिविर संचालन कार्यक्रम | २,५० | ० | ० |
| सिरानचोक गेट निर्माण पात्लेपानी हर्मी | ८,०० | ० | ० |
| सिरानचोककोट स्मारक पार्क | ३४,०० | ० | ० |
| काप्रेखोला लामा गाउँ जरेवर गोरेटो बाटो वडा न ४ र ५ | ३,५० | ० | ० |
| सौर्य उर्जा जडान | १५,०० | ० | ० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | घर्ती गाउँ खानेपानी | ५० | ० | ० | | |
| | | | | बहुलवलीगाउँ खानेपानी (एक घर एक धारा) | ९,२० | ० | ० | | |
| | | | | बस्नेत थापा कुलो मर्मत | १,०० | ० | ० | | |
| | | | | विकासे कुलो मर्मत अधुरो काम | १,०० | ० | ० | | |
| | | | | भालाजुङ भंगेरी कुलो मर्मत | १,०० | ० | ० | | |
| | | | | गुरुङ पधेरो संरक्षण | ५० | ० | ० | | |
| | | | | अर्चले खानेपानी निर्माण एक घर एक धरा | ३,०० | ० | ० | | |
| | | | | सिरानचोक चक्रपथ छेउछाउमा घाँस विकास कार्यक्रम | १,५० | ० | ० | | |
| ८ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापनः** | | | | | | |
| ८.१ | | | **तलबि प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ तथा सम्बन्धित ऐन वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. १३२९४७४८।- खर्च लेखेको पाईयो । तलबि प्रतिवेदन पास गराएर मात्र खर्च लेख्नु पर्दछ । | | | | | | |
| ८.२ | | | **कर्मचारी दरबन्दीः** कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था बमोजिम पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छ । गाउँपालिकाबाट उपलब्ध गराइएको विवरण अनुसार गाउँपालिका, वडा र स्वास्थ्य तर्फ गरी कूल दरबन्दी संख्या ९१ रहेकोमा ४२ जना स्थायी पदपूर्ति भइ ४९ जना रिक्त रहेको पाइयो । रिक्त मध्ये २८ जना करार सेवाबाट पदपूर्ति गरिएको छ । दरबन्दी अनुसार पदपृर्ति नहुँदा कार्यलयको सेवा प्रवाहमा असर पर्ने भएकोले दरबन्दी अनुसार कर्मचारीको पदपूर्ति गरिनुपर्दछ । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.३ | | | **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ४० जना कर्मचारीहरु करारमा राखी रु.१००७५९०६।- खर्च लेखेको छ । | |
| ९ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ताः** | |
| ९.१ | | | **फिर्ता गर्न बाँकी अनुदानः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा निम्नानुसारको फिर्ता भएको छः<br>• संघिय स्रोत तर्फको सर्सत चालु अनुदान रकम मध्ये आर्थिक वर्षको अन्त्यमा फिर्ता नभइ बाँकि रहेको रकम रु. ४५९८८४२८।५० आर्थिक वर्ष २०७८।७९ मा मिति २०७८।९।१२ बाट रु. ४२०००००।- र २०७८।९।१९ बाट रु. ४१७८८४२८।- समेत रु. ४५९८८४२८।५० फिर्ता दाखिला भएको छ ।<br>• प्रदेश स्रोत तर्फ समपुरक अनुदान चालु अनुदान आर्थिक वर्षको अन्त्यमा खर्च नभइ बाँकी रहेको रु. ५००००००।- र विगत वर्ष देखि फिर्ता गर्न बाँकि रहेको रकम रु. २५०००००।- समेत जम्मा रु. ७५०००००।- मिति २०७८।९।१२ मा फिर्ता दाखिला भएको छ । | |
| ९.२ | | | • महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरी कानून बनाएको पाइएन तर पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरेको छ । कानून बनाएर मात्र यस्ता सहायता प्रदान गर्नुपर्दछ । | |
| १० | | | **सम्पत्ति उपयोग र संरक्षणः** | |
| १०.१ | | | • साविक गाउँपालिका / नगर पालिकाका, संघीय विषयगत कार्यालयको सम्पत्ति र साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गरी राख्नु पर्नेमा अद्यावधिक गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.२ | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको पाइएन । | |
| १०.३ | | | • सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख नभएको र सम्पतिको संरक्षण र उपयोग सम्बन्धि नीति र मापदण्ड बनेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **अनुत्पादक खर्च**<br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा निम्नानुसार रु.३५६९५९६ खर्च लेखी भुक्तानी गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गरिनुपर्छ। | |

| खर्चको विवरण | भुक्तानी रकम रु |
|---|---|
| श्रीनाथ मण्डलि पुजा व्यवस्थापन | 1500000 |
| ल्होसार कार्यक्रम व्यवस्थापन | 175000 |
| नारि दिवस व्यवस्थापन | 25000 |
| वालदिवस व्यवस्थापन | 45000 |
| युवा क्लवलाइ खेल सञ्चालन व्यवस्थापन | 200000 |
| श्री गुरु गोरक्षधाम पुजा व्यवस्थापन | 1050000 |
| पञ्चे वाजा वितरण | 275062 |
| भांडाकुडा वितरण | 299534 |
| जम्मा | 3569596 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>समानिकरण अनुदानबाट शिक्षकको तलब भत्ता<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट देहायका विद्यालयलाइ शिक्षक दरवन्दी पर्याप्त नभएको भनि तलवको लागि रकम निकासा गरेको पाइयो । आवश्यक भए दरवन्दी स्वीकृत गर्ने तर्फ पहल गर्नुपर्नेमा दरवन्दीभित्र नपरेका शिक्षकहरुको लागि तलव भत्ता दिने गरी अनुदान उपलब्ध गराएको पाइयो। यस्तो अनुदान दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th>भौ न/मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>३०।२०७७।७।१</td><td>४६ विद्यालयका निजि शिक्षक तथा सहजकर्ता अनुदान</td><td>890800</td></tr>
<tr><td>७०।२०७७।१०।२९</td><td>४६ विद्यालयका निजि शिक्षक तथा सहजकर्ता अनुदान</td><td>866800</td></tr>
<tr><td>२१०।२०७८।३।१०</td><td>४६ विद्यालयका निजि शिक्षक तथा सहजकर्ता अनुदान</td><td>1591200</td></tr>
<tr><td>२२६।२०७८।३।२१</td><td>४६ विद्यालयका निजि शिक्षक तथा सहजकर्ता अनुदान</td><td>1700000</td></tr>
<tr><td>जम्मा</td><td></td><td>5048800</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३</td><td>८४,९९</td><td>२०७८-३-१०</td><td>इन्टरनेट जडान तथा सञ्चालन<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नम्बर २.७.१३.१०(५.५)माध्यमिक विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालन शिर्षकमा सुचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ व्यवस्थापन गर्ने निति रहेकोले कम्प्युटर उपलब्ध भइ सञ्चालनमा रहेका विद्यालयहरुमा इन्टरनेट जडान गर्न प्रति विद्यालय वार्षिक १२ हजार (अनुसुची-१५ अनुसार),जडित इन्टरनेट सुल्क भुक्तानी गर्न खर्च गर्ने र सो कार्यको नियमित अनुगमन गर्ने भन्ने व्यवस्था भएकोमा ४६ विद्यालयहरुलाइ प्रतिविद्यालय १२ हजार का दरले रु.५५२००० अनुदान दिइएकोमा लेखापरीक्षण अवधिसम्म पनि इन्टरनेट जडान गरेको कार्यसम्पन्न प्रतिवेदन पेश नगरेकोले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>५५२,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४</td><td></td><td></td><td>

**कार्यसम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) अनुसार कुनै निर्माण कार्यसम्पन्न भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको एकिन गर्न प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले ससर्त अनुदान अन्तर्गत परोपकार आदर्श माध्यमिक विद्यालयलाइ नमुना विद्यालय भौतिक पुर्वाधार विकासका लागी उपलब्ध गराएको रु.१५२००००० निकाशा दिएको रकमको निर्माण कार्य सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । तोकिएको समयमा कार्यसम्पन्न गरि प्राविधिकबाट नापजाँच गरी भौतिक निर्माण कार्यसम्पन्न भएको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु.

<table>
<tr><th>क्र.स</th><th>भौ.न./मिति</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>1</td><td>१५।२०७८।३।१९</td><td>परोपकार आदर्श माध्यमिक विद्यालय</td><td>10000000</td></tr>
<tr><td>2</td><td>१०३।२०७८।३।१९</td><td>परोपकार आदर्श माध्यमिक विद्यालय</td><td>5200000</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>15200000</td></tr>
</table>

</td><td>१५,२००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | ८१ | २०७८-२-२४ | **पाठ्यपुस्तक अनुदान**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नम्बर २.७.१३.३(३.२) कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थिहरुका लागि पुस्तकालयमा आधारित हुने पाठ्यपुस्तक उपलब्ध गराउन विद्यालयलाइ अनुदान शिर्षक अन्तर्गत स्थानिय तहले सामुदायिक माध्यमिक विद्यालयमा कक्षा११-१२ मा अध्ययनरत विद्यार्थिहरुलाइ पुस्तकालयबाट नै पुस्तक लैजाने ल्याउने गरि व्यवस्थापन गर्न प्रति विद्यालय वार्षिक ५० हजार का दरले विद्यालयलाइ एकमुस्ट अनुदान उपलब्ध गराउने तथा यो रकमबाट पाठ्यपुस्तक र स्विकृत पाठ्यक्रममा भएको वा पाठ्यक्रम विकास केन्द्रले सम्बन्धित कक्षाका लागि भनेर स्विकृत गरि सार्वजनिक गरेको सन्दर्भ सुचिभन्दा बाहिरका पुस्तक/पत्रपत्रिकाहरु खरिद गर्न पाइने छैन भन्ने व्यवस्था भएकोमा सो अनुदानबाट कुन-कुन कार्यमा खर्च गरियो यकिन हुन सकेन यकिन गरि प्रमाण पेश गर्नुपर्ने रु. | ३५०,००० |

| क्र.स | | विद्यालयको नाम | अनुदान रकम |
|---|---|---|---|
| 1 | | चम्पावति मा.वि | 50000 |
| 2 | | जनज्योति मा.वि | 50000 |
| 3 | | जनकल्याण मा.वि | 50000 |
| 4 | | महेन्द्रलिला मा.वि | 50000 |
| 5 | | मण्डलि मा.वि | 50000 |
| 6 | | परोपकार आदर्श मा.वि | 50000 |
| 7 | | संसारि महेन्द्र मा.वि | 50000 |
| | | जम्मा | 350000 |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>
आन्तरिक आय<br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा २७ वमोजिम प्रचलित कानुनवमोजिम नेपाल सरकारलाइ प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछी सोही दिन र सोहि दिन सम्भव नभए सो को भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढांचामा राजश्व लेखा राखी बैंक दाखिला गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाका वडाहरुमा उठेको राजश्व रकम ढिला गरि दाखिला हुने गरेको पाइयो।समयमै दाखिला नगर्ने कर्मचारीलाइ कार्वाही गरि दाखिला समयमै गराउने तर्फ पालिकाले विशेष ध्यान दिनुपर्दछ ।आ.व २०७७।७८ मा निम्नानुसार राजश्व सकंलन भएको देखिन्छ।
<table>
<tr><th>शिर्षक</th><th>असुली रकम</th><th>दाखिला रकम</th></tr>
<tr><td>भुमीकर/मालपोत कर</td><td>६५७०६८.१३</td><td>६५७०६८</td></tr>
<tr><td>घरवहाल कर</td><td>५९५०४०</td><td>५९५०४०</td></tr>
<tr><td>अन्य कर</td><td>७३१७२४</td><td>७३१७२४</td></tr>
<tr><td>नक्सापास दस्तुर</td><td>६३२१७५</td><td>६३२१७५</td></tr>
<tr><td>सिफारिस दस्तुर</td><td>१०६८७४३.५</td><td>१०६८७४३.५</td></tr>
<tr><td>व्यक्तिगत घटना दर्ता दस्तुर</td><td>६७२६५७</td><td>६७२६५७</td></tr>
<tr><td>व्यवसाय रजिस्ट्रेशन दस्तुर</td><td>६९४५००</td><td>६९४५००</td></tr>
<tr><td>जम्मा</td><td>५०५१९०७.६३</td><td>५०५१९०७.६३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>
खरीद व्यवस्थापनः<br>
निर्माण व्यवसायी बाट गरिएको केही काममा गुणस्तर परिक्षण गरेको पाइएतापनि उपभोक्ता समितिबाट गरेको काममा गुणस्तर परिक्षण गरेको पाइएन ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td></td><td></td><td>कोभिड व्यवस्थापन<br>यस कोषमा गतवर्षबाट जिम्मेवारी सरि आएको रु.१०१४४२० र यसवर्ष थप भएको रु.९०००००० समेत रु.१००१४४२० आम्दानि भएकोमा रु.५०२४९४२ खर्च भइ रु.५०६६९१९ वांकी रहेको छ।उक्त श्रेस्ताको लेखापरिक्षणबाट निम्न कार्यमा खर्च भएको छ।<br><table>
<tr><th>क्र.स</th><th></th><th>खर्च शिर्षक</th><th>खर्च रकम</th></tr>
<tr><td>1</td><td></td><td>कर्मचारी प्रोत्साहन भत्ता</td><td>२७९६०५८</td></tr>
<tr><td>2</td><td></td><td>उद्धार राहत तथा पुनस्थापना खर्च</td><td>६१२८८४</td></tr>
<tr><td>3</td><td></td><td>औषधि खरिद</td><td>६०००००</td></tr>
<tr><td>4</td><td></td><td>अनुगमन तथा मुल्यांकन</td><td>५१३४००</td></tr>
<tr><td>5</td><td></td><td>कार्यक्रम सञ्चालन</td><td>९९८७८</td></tr>
<tr><td>6</td><td></td><td>पानि विजुलि तथा विविध</td><td>४०२७२२</td></tr>
<tr><td>7</td><td></td><td>जम्मा</td><td>५०२४९४२</td></tr>
</table></td><td></td></tr>
<tr><td>१९</td><td>५</td><td>२०७७-७-२</td><td>दोहोरो भाडा भुक्तानी<br>विदेशबाट आएका कोरोना संक्रमितलाइ ल्याउनको लागि मासिक रु.१३५००० का दरले भुक्तानी गर्नेगरि सिरानचोक गा.पा वडा.न.४ वस्ने नारायण सुनारसंग सम्झौता भइ २०७७ साल श्रावण,भाद्र तथा आश्विन १० गते सम्मको सम्झौता अनुसार कुल रु.३१५००० भौ.न १।२०७७।६।२२ मा भुक्तानी भइसकेपछी निजसंग पुन २०७७।६।६ मा १ महिनाको लागि मासिक रु.९५००० दिने गरि सम्झौता भइ यस भौचरबाट रु.९५००० भुक्तानि भएको छ।यस भौचरबाट आश्विन ६ गतेदेखि १० गतेसम्म दिन ५ दोहोरो भुक्तानी भएको हुदां मासिक रु.१३५००० ले हुने रु.२२५०० मा अग्रिम कर रु.२२५० कट्टी गरि दाखिला भइसकेकोले वांकी रु.२०२५० असुल गरि वेरुजु दाखिला गर्नुपर्ने रु.</td><td>२०,२५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **स्वास्थ्य तर्फः**<br>**औषधी खरिदः** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा ५ लाख भन्दा वढीको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस आर्थिक वर्षमा रु.१४११९४३।सोझै फरक फरक सप्लायर्स बाट र पत्रिकामा उल्लेखीत दरको आधारमा रु.१४६४७२५। गरी जम्मा रु.२८७५८६८। को औषधि खरीद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण संझौतामा औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको,<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको,<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **मूल्य अभिबृद्धि करः**<br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निलाई भुक्तानी गर्ने कर रकमको (तेईसौ संसोधन २०७८/२/१६ पश्चात) तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । निम्न निर्माण व्यवसायी तथा आपूर्तिकर्तालाई सम्झौता रकमको भुक्तानी दिदा तीस प्रतिशतले हुने रकम कट्टा नगरी पूरै रकम भुक्तानी दिएको देखिएकोले नियममा व्यवस्था भए बमोजिम उक्त रकम राजश्व शिर्षकमा जम्मा भएको वा कर रकम समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु. | ७८,६३० |

| सि.नं. | गो.भौ.नं.र मिति | ठेकेदार वा आपूर्तिकर्ता | भुक्तानी रु. | मू.अ.कर रु. | मू.अ.कर रु. (३० प्रतिशत) |
|---|---|---|---|---|---|
| १ | ३२९-०७८/३/३० | अजन्ता सोलुसन्स प्रा.लि.(६०४२२७८६५) | 671559 | ८७३०२.६७ | 26190 |
| २ | ३२८-०७८/३/३० | अभियन्ता सोलुसन्स प्रा.लि.(६०४२२७८७८) | 741732 | 83899.89 | 25170 |
| ३ | ३२७-०७८/३/३० | डेभलपमेन्ट भिजन कन्सल्टेन्ट प्रा.लि. | 699244 | 90901.72 | 27270 |
| | | जम्मा | | | 78630 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **खरिद कार्यः** | |
| २२.१ | | | **परामर्श सम्वन्धि कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ अनुसार खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शकदातालाई करारका शर्त वमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५/७६ मा सम्झौता गरेर सोही वर्षमा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएका तपसिलका कार्य सो वर्षमा कार्यसम्पन्न हुन नसकी आ.व.२०७७/७८ मा दुई वर्षपछि कार्य सम्पन्न भएको छ । कोभिडको कारण र समयको अभावले सम्पन्न गर्न नसिकएकोले सम्वन्धित परामर्शदातालाई आगामी आ.व.मा सम्पन्न गर्ने गरी कार्यविधि थप्ने निर्णय गाउँसभामा पेश गर्ने निर्णय आ.व.२०७७/७८ मा भएको देखिन्छ ।गाउँसभाबाट म्याद थप भएको निर्णय र परामर्शदातालाई कार्यसम्पन्न गर्ने म्याद थप भएको जानाकारी पत्र दिएको देखिदैन । यसरी आर्थिक वर्ष २०७५/७६ मा सम्पन्न गर्नुपर्ने कार्यलाई २ वर्षपछि म्याद थपको निर्णय र म्याद थप भएको जानाकारी पत्र वेगर भुक्तानी गर्नु उपयुक्त देखिदैन। गाउँपालिका सडक यातायात गुरु योजना निर्माण र गाउँपालिकाको श्रोत नक्शाङ्कन, संकलन तथा अभिलेख निर्माण आ.व.२०७७/७८ मा सम्पन्न भएपनि अभियन्ता सोलुसन्स प्रा.लि. को गाउँपालिका डिजिटल प्रोफाईल निर्माण कार्य आ.व.२०७७/७८ सम्म सम्पन्न तथा | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>म्याद थप भएको देखिदैन । तोकिएको समयमा सम्झौता अनुसार कार्य नगर्ने परामर्शदातासँग सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति लिएर कार्यसम्पन्न गराउनु पर्नेमा आ.व.२०७७/७८ मा सम्पन्न गर्ने गरी कार्यविधि थप्ने निर्णयको आधारमा भुक्तानी गर्ने कार्य कानूनसम्मत भएको देखिएन । नियमावलीमा भएको व्यवस्था अनुसार गरिनुपर्दछ ।
<table>
<tr><th>भौ.नं. र मिति</th><th>परामर्शदाता</th><th>कार्ययोजना</th><th>सम्झौता मिति</th><th>कार्यसम्पन्न गर्नुपर्ने मिति</th><th>कार्यसम्पन्न मिति</th><th>सम्झौता रु. (मूअकर बाहेक)</th><th>यस वर्ष भुक्तानी रु.</th></tr>
<tr><td>३२९-०७८/३/३०</td><td>अजन्ता सोलुसन प्रा.लि.वानेश्वर</td><td>गाउँपालिका सडक यातायात गुरु योजना निर्माण</td><td>10/27/2075</td><td>3/30/2076</td><td>3/4/2078</td><td>849000</td><td>671559</td></tr>
<tr><td>32७-०७८/३/३०</td><td>डेभलपमेन्ट भिजन कन्सल्टेन्ट प्रा.लि.</td><td>गाउँपालिकाको श्रोत नक्शाङ्कन, संकलन तथा अभिलेख निर्माण</td><td>10/29/2075</td><td>3/30/2076</td><td>1/2/2078</td><td>884000</td><td>699244</td></tr>
<tr><td>३२८-०७८/३/३०</td><td>अभियन्ता सोलुसन्स प्रा.लि.</td><td>गाउँपालिकाको डिजिटल प्रोफाईल निर्माण</td><td>10/27/2075</td><td>3/30/2076</td><td>2078/3/</td><td>1641000</td><td>741732</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>3374000</td><td>2112535</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२.२ | ३२५ | २०७८-३-३० | **डिपिआर कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ अनुसार खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शकदातालाई करारका शर्त वमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ। खहरे सिम्ले भंगेरी झारगाउँ पाटिभञ्ज्याङ्ग चिप्लेटी सडक आयोजनाको लागी १५ कि.मि. सडकको लागी मौजुदा सूचीमा रहेका परामर्शदाता मध्ये ३ वटा परामर्शदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी मूल्याङ्कन गर्दा रु.१२,३९,६१०.०० मा आर.क्युव कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा.लि.लाई कार्य गर्ने गरी कार्यादेश दिईएको छ । सिरानचोक रणनितिक सडक डिपिआर कार्यको लागत अनुमान १५ कि.मि. सडकको लागी प्रति कि.मी. रु.८२,८४५.७२ रहेको छ । आर.क्युव कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा.लि.ले १४ कि.मी.सडक निर्माण कार्यको रु.१२,३९,६१०.०० दररेट पेश गरेको छ । उक्त पेश गरेको दररेट अनुसार प्रति कि.मि.रु.८८,५४३.५७ दर रहेको देखिन्छ । पेश गरेको दररेट स्वीकृत लागत अनुमानको दररेट भन्दा प्रति कि.मी.रु.५,६९७.८५ अर्थात ६.४३ प्रतिशत बढी दररेट रहेको छ । लागत अनुमान भन्दा बढी दररेट पेश गर्ने परामर्शदाताको प्रस्ताव स्वीकृत गरी कार्य गराई १४.६४४ कि.मी.सडकको प्रति कि.मि.रु.८२,६४०.६७ का दरले जम्मा रु.१२,१०,१९०.०० भुक्तानी भएको छ । लागत अनुमान भन्दा बढी दररेट पेश गर्ने परामर्शदाताको प्रस्ताव स्वीकृत गर्ने कार्य सार्वजनिक खरिद ऐन नियमावली अनुसार भएको देखिएन । प्रस्ताव स्वीकृत गर्दा ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार गरिनुपर्दछ । | |
| २३ | | | **ठेक्का व्यवस्थापनः** | |
| २३.१ | | | **धरौटी कट्टा गर्नु पर्नेः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) सार्वजनिक निकायले उपनियम (१) बमोजिम भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ वा अन्य बिल वा बिजकमा उल्लिखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नु पर्ने व्यवस्था छ ।निम्न योजनाहरु सम्पन्न भएका र भुक्तानीमा ५% धरौटी रकम कट्टा गर्नु पर्नेमा कट्टा नगरिएबाट भविष्यमा मर्मत सम्भारको लागि बजेट नहुने हुदा नियमावलीको पालना तर्फ पालिकाको ध्यान जानु पर्दछ । | |

| भौ.मिति | योजनाको नाम | निर्माण व्यवसायी | भुक्तानी रकम | धरौटी रकम |
|---|---|---|---|---|
| 13-077/7/3 | वडा नं.४ सडक स्तरवन्नती कार्य | ओम निर्माण सेवा | 1555438 | 68834 |
| 12-077/7/3 | वडा नं.१ सडक स्तरोन्नती योजना | हरमटारी डि एस कन्ष्ट्रक्सन प्रा.लि | 3090207 | 137293 |
| | | जम्मा | | 206127 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३.२</td><td></td><td></td><td>बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारम भुक्तानी गर्नु पर्ने व्यवस्था छ । निम्न योजनाहरुमा नरम माटो काट्ने काममा नापी किताबमा उल्लेख गरीएको भन्दा बढी परिमाणको भुक्तानी भएकोले बढी भुक्तानी रकम संबन्धित निर्माण व्यवसायी सँग असुल गर्नु पर्ने रु.
<table>
<tr><th>योजनाको नाम</th><th>निर्माण व्यवसायी</th><th>नापि किताबमा उल्ल्खीत परिमाण</th><th>भुक्तानी परिमाण</th><th>बढी भुक्तानी परीमाण</th><th>दर</th><th>बढी भुक्तानी (मु.अ.कर समेत)</th></tr>
<tr><td>वडा नं ३ सडक स्तरोन्नती</td><td>बाबा कन्ष्ट्रक्सन</td><td>6584.82</td><td>6942.84</td><td>358.02</td><td>51.1</td><td>20673</td></tr>
<tr><td>वडा नं ४ सडक स्तरोन्नती</td><td>ओम निर्माण सेवा</td><td>1529.6</td><td>1716.93</td><td>187.33</td><td>100</td><td>21168</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>41841</td></tr>
</table></td><td>४१,८४१</td></tr>
